PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेंचबिखन अनुसन्धान व्युरो
## बबरमहल,काठमाण्डौ

फोनः ०१-५३३९५६९, ०१-५३४११७७

## प्रेस विज्ञप्ति-२०

मितिः- २०८०/०८/२५ गते।

**"म्यानमार पुऱ्याई बन्धक बनाई Online Scamming मा लगाउने व्यक्ति पक्राउ"**

थाईल्याण्ड स्थित चिनियाँ कम्पनीमा कम्प्युटर टाईपिङको राम्रो रोजगारीको प्रलोभन देखाई बिजनेस भिसामा २ जना पिडीतहरुलाई झुक्याई म्यानमारको म्यावडी (Myawaddy) स्थित चिनीयाँ कम्पनीमा पुर्याई बन्धक बनाई दिनको १८-२० घण्टा सम्म दास तुल्याई Online Scamming मा लगाई मानव बेचबिखन गरेको आरोपमा मिति २०८०।०८।२४ गतेका दिन काठमाण्डौबाट कविता गुरुङलाई पक्राउ गरी निजलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ७ (सात)को म्याद लिई अनुसन्धान कार्य भईरहेको।

**पक्राउ अभियुक्तः-** जिल्ला गोरखा धार्चे गाँउपालिका वडा न.-०४ बस्ने वर्ष २७ की कबिता गुरुङ।

फोटो



**अनुसन्धानका क्रममा खुल्न आएका कुराहरुः-**

१) पिडीतहरुलाई थाईल्याण्ड स्थित कम्पनीमा अंग्रेजी टाइपीङको काममा मासिक $1000 कमाई हुने तथा खाने, बस्ने व्यवस्था समेत कम्पनीले नै गर्ने भनि प्रलोभन देखाई प्रतिवादीले पिडीतहरुलाई काठमाण्डौ स्थित आफ्नो घरमै बोलाई अंग्रेजीको typing speed चेक गरेको र उक्त परीक्षामा पास भएकोले पिडीतहरुलाई पैसाको जोहो गर्न लगाई निजहरुबाट जनही रु.२,६०,०००।-का दरले पैसा लिई म्यान्मार पठाएको खुल्न आएको।

२) पिडीतहरुलाई थाईलैण्ड भनि झुक्याई म्यानमारको म्यावडी(Myawaddy) स्थित चिनियाँ कम्पनीमा पुर्याई फेसबुक, ह्वाटसएप, ट्वीटर जस्ता सामाजीक सञ्जाल मार्फत अमेरीकी,युरोपीयन नागरीकहरुलाई के कसरी ट्र्यापमा पारी online मार्फत Bitcoin लगायतका Virtual Currency मा लगानी गर्न आकर्षित गर्न सकिन्छ भन्ने बारेमा तालीम समेत दिएको खुल्न आएको।

३) कम्पनीले निश्चित अवधीमा अमेरीकी नागरीकलाई Virtual Currency मा लगानी गर्न तयार पार्नुपर्ने गरि target तोकी सो पुरा गर्न नसकेमा कुटपिट गर्ने, Electric Shock लगाउने जस्ता शारिरीक मानसिक यातना दिने गरको खुल्न आएको।

४) कम्पनीलाई चारैतिरबाट सुरक्षा गार्डले पहरा दिनुका साथै CC camera समेत जडान गरी कम्पनी भन्दा बाहीर आफुखुसी जान नपाउने गरि कम्पनी भित्रै १८-२० घण्टा सम्म Online Scamming को काममा लगाई cyber slave को रुपमा श्रम शोषण गर्ने गरिएको।

५) पिडीतहरु म्यानमार पुगेको ९ महीना पछि नेपाल फर्कन म्यानमार स्थित कम्पनीलाई रु. ८ लाख तिर्न बाध्य भएको।

६) यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास एवं पक्राउ लगायत अंन्य अनुसन्धान कार्य भई रहेको।

प्रवक्ता
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं:-९८५१२८१३३०